# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

☎ ०११-१४१२१११२
०११-१४१२११३
०११-१४१२११४


### प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः२०८२/११/२९)**

प्रस्तुत विषयमा मण्डनदेउपुर नगरपालिकाको कार्यालयको चालु आ.ब. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रममा रहेको तपसिल बमोजिमको कार्यक्रममा तोकिएको कार्य क्षेत्रभित्रका ईच्छुक सेवाग्राहीहरुलाई कार्यक्रममा सहभागिताका लागि यो सूचना प्रकाशित भएको मितिले २१औं दिनभित्र (२०८२ साल चैत्र १९ गतेसम्ममा) कार्यालय समयभित्र आइपुग्ने गरि निवेदन साथ तपसिलमा उल्लेखित कागजात संलग्न गरि प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिलः**

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक कृषि तथा पशुपन्छी फार्म सुदृढिकरण सहयोग, वडा नं ७ र मागमा आधारित ५०% अनुदानमा कृषि सामाग्री वितरण<br>(५०% लागत साझेदारीमा सञ्चालन हुने माथि उल्लेखित कार्यक्रमहरु अन्तर्गत निम्न सामाग्रीहरु माग गर्न सकिने छ।)<br>१.मिनि टिलर(७.५ hp)<br>२.इलेक्ट्रिक स्प्रे पम्प(2 in 1) | मण्डनदेउपुर न.पा. वडा नं. ७ भित्र मात्र | प्रदेश सशर्त अनुदान कार्यक्रम र आन्तरिक कार्यक्रम<br>निवेदन संकलन पछि वडा समिति/मूल्याङ्कन समितिले कोटा निर्धारण गरेपछि सम्बन्धित सेवाग्राहीले ५० % लागत साझेदारी बापतको नगद रकम अग्रीम जम्मा गर्नु पर्ने छ। |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. कार्यक्रम माग निवेदन
२. निवेदकको नागरिकता/परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि
३. निवेदकको जग्गाको जग्गाधनी प्रमाण पुर्जा/जग्गा भाडा सम्झौता (कम्तीमा ५ वर्षको)
४. प्रतिबद्धता पत्र
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
६. संस्थागत/समूहको हकमा सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा दर्ता प्रमाण पत्र प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
७. समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपि
८. स्व-घोषणा पत्र

*नोटः थप जानकरीका लागि यस नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।*

२०८२।११।२९

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः सूचना तथा प्रविधि शाखा